# देवचुली नगरपालिका

## स्थानीय राजपत्र

खण्ड:६ संख्या: ३

नगरकार्यपालिकाबाट स्वीकृत मिति:२०८०/०७/०२
स्थानीय राजपत्रमा प्रकाशित मिति:२०८०/०८/०५


## भाग २

# देवचुली नगरपालिकाको पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०८०

**प्रस्तावना**

पशुपालन ब्यावसायलाई निर्वाहमुखिबाट क्रमश: व्यवसायिक तथा नाफामुखि बनाइ कृषकहरुको आयआर्जन बृदि गरी जीवनस्तर सुधार गर्न, कृषकहरुलाइ स्वरोजगार बनाइ थप रोजगारी सृजना गर्न, पशुपालन ब्यवसायलाइ सम्मानित पेशाको रुपमा बिकास गर्न, पशुपन्छीको स्वास्थ्य, आहारा, बासस्थानमा सुधार, उत्पादित पशपन्छीजन्य पदार्थको बजार ब्यवस्थापन, पशु स्वास्थ्यको माध्यमबाट मानव स्वास्थ्य प्रवर्द्धन गर्न तथा पशुपन्छीजन्य उत्पादन देखि बजारिकरण सम्मका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनिय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम देवचुली नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

देवचुली नगरपालिका राजपत्र

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ : (१)** यो कार्यविधिको नाम "देवचुली नगरपालिकको पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि देवचुली नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

**(क)** "अनुदान" भन्नाले भन्नाले सम्बन्धित कार्यक्रम संचालनका लागि दिईने अनुदान सम्झनु पर्नेछ।

**(ख)** "कार्यालय" भन्नाले देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

**(ग)** "कार्यविधि" भन्नाले भन्नाले देवचुली नगरपालिकको पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०७८ सम्झनु पर्दछ ।

**(घ)** "कृषक" भन्नाले कृषि कार्यत्रक्रम संचालन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

**(ङ)** "कृषक समूह" भन्नाले नगरपालिकाको पशु सेवा शाखामा दर्ता भएका समूहलाई सम्झनु पर्दछ।

**(च)** "नगरपालिका" भन्नाले देवचुली नगरपालिका सम्झनु पर्नेछ ।

**(छ)** "निजी फर्म" भन्नाले देवचुली नगरपालिकामा नियमानुसार दर्ता भएका कृषि तथ पशुपालन फर्म सम्झनु पर्नेछ ।

**(ज)** "प्रस्तावक" भन्नाले भन्नाले यस कार्यविधि अनुसार कुनै कार्यक्रम प्राप्त गर्न प्रस्ताव पेश गर्ने कृषक वा व्यवसायिक फर्म वा कृषक समुह वा कृषि सहकारी संस्था वा निजि फर्म सम्झनु पर्दछ ।

देवचुली नगरपालिका राजपत्र

(झ) “प्राविधिक” भन्नाले भन्नाले भन्नाले पशु सेवा प्राविधिकलाई सम्झनु पर्नेछ।

(ञ) “लागत साझेदारी” भन्नाले निश्चित प्रतिशत रकम सहभागि कृषक, फर्म, कृषक समुह र सहकारीले बेहोर्ने भनि सम्झनु पर्छ ।

(ट) “ लगानी रकम ” भन्नाले कार्यक्रम संझौतामा उल्लेख भए अनुसारको अनुदान र प्रस्तावकले व्यर्होने रकम समेत गरी कुल लगानी रकम सम्झनु पर्दछ ।

(ठ) “वडा” भन्नाले देवचुली नगरपालिकाका वडाहरु सम्झनु पर्नेछ ।

(ड) “शाखा” भन्नाले देवचुली नगरपालिकाको पशु सेवा शाखा सम्झनु पर्नेछ।

(ढ) “समिति” भन्नाले देवचुली नगरपालिकाको आर्थिक बिकास समिति सम्झनु पर्दछ ।

(ण) “सहकारी” भन्नाले कृषि सहकारी वा दुग्ध बिकास सहकारी संस्था सम्झनु पर्दछ।

(त) “संस्था” भन्नाले कृषक वा व्यवसायिक फर्म वा कृषक समुह वा कृषि सहकारी संस्था वा निजी फर्म सम्झनु पर्दछ।

३. **उद्देश्य :** यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम रहेका छन :-

(क) नगरपालिकाबाट सञ्चालन हुने पशु सेवा कार्यक्रमहरुलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने।

(ख) कृषि र पशुजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषकको आय आर्जन र पोषण सुरक्षामा टेवा पुर्याउने।

(ग) जनचेतना अभिबृद्धिबाट स्वस्थ, स्वच्छ पशु तथा पशुजन्य उत्पादन बृद्धि गरि उपभोक्ता सम्म पुर्याउन असल व्यवस्थापन अभ्यास (**Good Management Practices)** लाई प्रोत्साहन गर्ने।



देवचुली नगरपालिका राजपत्र

(घ) कृषि, पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थ उत्पादनलाई बजारिकरण तथा विविधिकरणमा जोड दिदै मूल्य श्रृखंलामा जोड दिने।

(ङ) खाद्य तथा पोषण सुरक्षा तथा गरिबि निवारणमा टेवा पुर्याउने।

(च) उन्नत पशुपन्छीको श्रोत केन्द्रहरुको विस्तार गरि पशुपन्छी, मत्स्य र घाँसमा आत्मनिर्भर बनाई उत्पादन लागत कम गर्ने।

## परिच्छेद २

## पशु स्वास्थ्य सेवा कार्यक्रम

४. **पशु स्वास्थ्य कार्यक्रमहरु :** शाखाले पशु स्वास्थ्य सँग सम्वन्धित निम्न कार्यक्रमहरु संचालन गर्नेछ ।

(क) शाखालाई आवश्यक औषधी खरिद तथा बितरण

(ख) देहाएका पशुपन्छी रोग बिरुद्ध नि: शुल्क खोप सेवा कार्यक्रम

(१) एच.एस. एण्ड बि. क्यु.

(२) पि. पि. आर.

(३) रेविज

(४) एफ. एम. डि

(५) लम्पी स्किन डिजिज

(ग) एक दिने निशुल्क पशु स्वास्थ्य शिबिर कार्यक्रम ,

(घ) आकस्मिक रोग नियन्त्रण कार्यक्रम,

(ङ) सामुदायिक कुकुरहरुको बन्ध्याकरण कार्यक्रम,

देवचुली नगरपालिका राजपत्र

(च) भेटेरिनरी निरिक्षण, अनुगमन तथा रिपोटिङ्ग) मासु पसल, भेटेरीनरी औषधी पसल, डेरी पसल, ह्यायाचरी तथा दाना उद्योग(

(छ) एक दिने निःशुल्क वडा भेटेरीनरी क्लिनिक संचालन

(ज) पशुहरुमा बाझोपन निवारणका लागि घरदैलो कार्यक्रम

५. **कार्यक्रम सञ्चालन प्रक्रिया** : शाखाले पशु स्वास्थ्य कार्यक्रम देहाय बमोजिम संचालन गर्नेछः-

(क) शाखाले नगरपालिकाका कृषकहरुको आवश्यकता र मागका आधारमा पशु स्वास्थ्य कार्यक्रम सञ्चालन गर्नेछ ।

(ख) शाखाले आवश्यक पर्ने औषधी, खोप लगायत अन्य सामाग्रीहरु सार्वजनिक खरिद ऐन र नियमावली अनुसार व्यवस्थापन गर्नेछ।

(ग) शाखाले नगरपालिकालाई राष्ट्रिय महत्वका पशुपन्छी रोग बिरुद्ध पूर्ण खोप युक्त बनाउनका लागि आवश्यक प्राविधिक खोपकर्ताको सुचिकृत गरि कार्यक्रम सञ्चालन गर्नेछ ।

(घ) पशुपन्छीको खोप कार्यक्रम संचालन गर्न पशु सेवा शाखाले सुचना प्रकाशन गरी आवश्यक योग्यता पुगेका प्राविधिक नियुक्त गरी निशुल्क संचालन गर्नेछ । पशु सेवा शाखाले खोपकर्तालाई खोप लगाए बापत प्रति पशुपन्छी निम्न बमोजिम पारिश्रमिक प्रदान गरिनेछ ।

१. गाईभैसी : रु. २०
२. बंगुर : रु. १०
३. भेडाबाखा : रु. ५
४. कुकुर बिरालो : रु. ५
५. कुखुरा लगायतका पन्छी : रु. १

देवचुली नगरपालिका राजपत्र

(ङ) पशु सेवा शाखाले विशेषज्ञ टोली सहित निशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गर्न सक्नेछ । पशु स्वास्थ्य शिविर संचालन गर्दा पशु स्वास्थ्य सेवा नपुगेका तथा दुर्गम क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

(च) शाखाले नगरपालिकाका वडाहरुमा सम्वन्धित वडा कार्यालयसँग समन्वय गरी एक दिने नि: शुल्क वडा भेटेरीनरी क्लिनिक संचालन गर्न सक्नेछ ।उक्त क्लिनिकमा गोवर परिक्षण, खोप सेवा, बन्ध्याकरण सेवा, प्रयोगशाला परीक्षण सेवा संचालन गरिनुका साथै नि: शुल्क औषधी वितरण गरिनेछ ।

(छ) शाखाले नगरपालिका भित्र कुनै पशुपन्छी रोगको प्रकोप आकश्मिक रुपमा देखिएमा तत्काल औषधी तथा खोपहरु खरिद गरी प्राविधिक जनशक्ति परिचालन गरी नियन्त्रण गर्न सक्नेछ ।

(ज) शाखाले सामुदायिक कुकुरको नियन्त्रण र बन्धाकरण कार्यक्रम उक्त कार्य गर्ने ब्यक्ति वा संस्थासंग सम्झौता गरी सहकार्यमा सञ्चालन गर्नेछ ।

(झ) शाखाले पशुहरुमा देखिने बाझोपन निवारणका लागि नि: शुल्क घरदैलो कार्यक्रम संचालन गर्न सक्नेछ ।उक्त कार्यक्रममा बाझोपन निवारणका लागि बिशेषज्ञ टोली परिचालन गरिनेछ ।

(ञ) भेटेरिनरी निरिक्षण, अनुगमन कार्यक्रम समितिले गर्न सक्नेछ ।

## परिच्छेद ३

## पशु आहारा विकास कार्यक्रम

६. **पशु आहारा बिकास कार्यक्रमहरु** : शाखाले पशु आहारा बिकास सम्वन्धि निम्न कार्यक्रम संचालन गर्न सक्नेछ :-

(क) ब्यवसायिक फर्महरुमा ५०% सहकार्यमा यान्त्रिकरण कार्यक्रम

(ख) हिउँदे घाँसको बीउ) जै, बर्षिम र भेच (खरिद कार्यक्रम

(ग) बर्षे घाँसको बीउ (सुडान, टियोसेन्टी, बाज्रा (खरिद, ढुवानी तथा वितरण कार्यक्रम

देवचुली नगरपालिका राजपत्र

(घ) बहुबर्षिय घाँसको बीउ, बेर्ना खरिद, ढुवानी तथा वितरण कार्यक्रम

(ङ) नगरस्तरिय घाँस स्रोत केन्द्र स्थापना

७. **<u>कार्यक्रम सञ्चालन प्रक्रिया</u> : (१)**पशु आहारा बिकास कार्यक्रमको संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) ब्यवसायिक फर्महरुमा ५०% सहकार्यमा यान्त्रिकरण कार्यक्रमः-

(१) व्यवसायिक पशुपन्छी पालन फर्महरुमा आवश्यक यान्त्रिकरण सामग्रीहरु )च्याफकटर, फिड मिल, युएमएमबी ब्लकर (UMMB Blocker), ब्रस कटर, डिपिङ्ग ट्याङ्क (Dipping tank), काउ म्याट (cow mat) ५० प्रतिशत लागत साझेदारीमा प्रतिस्पर्धामा छनौट भएका उत्कृष्ट व्यवसायिक कृषक वा कृषक समुह वा सहकारी वा निजी फर्महरुलाई बितरण गर्न सकिनेछ।

(२) स्वीकृत कार्यक्रम, बजेट र आख्तियारी बमोजिम अनुसूची १ अनुसार व्यवसायिक कृषक वा कृषक समुह वा सहकारी वा निजी फर्महरुलाई लक्षित गरी शाखाबाट ३० दिने सुचना प्रकाशन गरिने छ ।

(३) प्रस्तावकले अनुसूची ३ अनुसारका कागजातहरु, अनुसूची ४ बमोजिमको ढाँचामा कार्ययोजना बनाई अनुसूची २ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ ।

(४) निर्धारित समयभित्र प्राप्त भएका आवेदनहरुको शाखाले प्रारम्भिक मुल्यांकन गरी समितिले प्रस्तावहरुको स्थलगत अनुगमन गरी अनुसूची ५ बमोजिम मुल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्था छनौट गर्न सिफारिस गर्नेछ ।

(५) छनौट भएका संस्थासँग शाखाले अनुसूची ६ बमोजिम सम्झौता गर्नेछ।

देवचुली नगरपालिका राजपत्र

(ख) घाँसेवाली स्रोत केन्द्र स्थापनाः -

(१) नगरपालिकाका घाँस खेतीमा आवद्ध कृषक वा कृषक समुह वा सहकारी वा निजी फर्महरुलाई लक्षित गरी ५० प्रतिशत लागत साझेदारीमा घाँसेवाली स्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन गरिनेछ।

(२) स्वीकृत कार्यक्रम, बजेट र आख्तियारी बमोजिम अनुसूची-१ अनुसार व्यवसायिक कृषक वा कृषक समुह वा सहकारी वा निजी फर्महरुलाई लक्षित गरी शाखाले ३० दिनको सुचना प्रकाशन गर्नेछ।

(३) प्रस्तावकले अनुसूची ३ अनुसारका कागजातहरु, अनुसूची ४ बमोजिमको ढाँचामा कार्ययोजना बनाई अनुसूची २ बमोजिमको निवेदन शाखामा पेश गर्नु पर्नेछ ।

(४) निर्धारित समयभित्र प्राप्त भएका आवेदनहरुको शाखाले प्रारम्भिक मुल्यांकन गरी समितिले प्रस्तावहरुको स्थलगत अनुगमन गरी अनुसूची ५ बमोजिम मुल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्था छनौट गर्न सिफारिस गर्नेछ ।

(५) छनौट भएका संस्थासँग शाखाले अनुसूची ६ बमोजिम सम्झौता गर्नेछ।

(६) घाँसेवाली स्रोत केन्द्रलाई भविष्यमा प्रदर्शन, तालिम तथा उपयुक्त जातहरुको विस्तार तथा प्रसारको लागि प्रयोग गर्न सकिनेछ ।

(७) कृषक वा कृषक समुह वा समिति वा सहकारी वा निजि फर्मसँग घाँस बाली स्रोत केन्द्र स्थापनाको लागि कम्तिमा ५ कठ्ठा जग्गा हुनु पर्नेछ।

(८) छनौट भएका कृषक वा कृषक समुह वा समिति वा सहकारी वा निजि फर्मलाई घाँसको नर्सरी स्थापना, सिंचाई व्यवस्थापन, घाँस खेतीमा प्रयोग हुने यन्त्र उपकरण, ग्रेडिङ्ग मेसिन,

देवचुली नगरपालिका राजपत्र

विउ भण्डारण र सञ्चय र घाँसको बीउ वा सेट्स वा स्लिप वा बेर्नाहरु खरिद गर्न सकिनेछ ।

(९) कृषक समुहको हकमा कम्तिमा १० जना सदस्य रहेको हुनुपर्नेछ ।

(१०) छनौट भएका प्रस्तावकले स्रोतकेन्द्र स्थापना गरि कम्तिमा ३ वर्षसम्म सञ्चालन गर्नुपर्नेछ ।

(ग) घाँसको बीउ वितरणः

(१) व्यवसायिक पशुपालन गरेका कृषक वा कृषक समुह वा सहकारी वा निजी फर्महरुलाई बार्षिक स्विकृत कार्यक्रम र बजेट बमोजिम निः शुल्क वा तोकिएको निश्चित प्रतिशत लागत साझेदारीमा हिंउदे, वर्षे र वहुवर्षिय घाँसका विउ वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) स्वीकृत कार्यक्रम, बजेट र आख्तियारी बमोजिम अनुसूची १ अनुसार व्यवसायिक कृषक वा कृषक समुह वा सहकारी वा निजी फर्महरुलाई लक्षित गरि शाखाले ३० दिनको सुचना प्रकाशन गरि माग संकलन गर्नेछ ।

(३) प्रस्तावकले अनुसूची ३ अनुसारका कागजातहरु सहित अनुसूची २ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ ।

(४) कृषकहरुको मागको आधारमा तथा पशु सेवा शाखाको फार्म रेकर्डको आधारमा निः शुल्क वा तोकिएको निश्चित प्रतिशत लागत साझेदारीमा कृषकहरुलाई निशुल्क घाँसको बीउ वेर्ना उपलब्ध गराईनेछ ।

(५) निश्चित प्रतिशत लागत साझेदारीमा घाँसको बीउ वेर्ना बितरण गर्दा प्रस्तावकले आफुलाई आवश्यक परिमाणको बीउ वेर्नाको

देवचुली नगरपालिका राजपत्र

तोकिएको लागत साझेदारी रकम जम्मा गरेपछि मात्र बीउ उपलब्ध गराईनेछ ।

(६) शाखाले सुचनाका आधारमा भएको मागको आधारमा हिंउदे, वर्षे र वहुवर्षिय घाँसको खरिद सार्वजनिक खरिद ऐन र नियमावली अनुसार गरिनेछ ।

## परिच्छेद ४

## ५० प्रतिशत सहकार्यमा मासु पसल सुधार कार्यक्रम

८. **कार्यक्रम सञ्चालन प्रक्रिया :** (१) ५० प्रतिशत सहकार्यमा मासु पसल सुधार कार्यक्रमको संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) मासु पसल सुधार कार्यक्रम ५० प्रतिशत लागत साझेदारीमा संचालन गरिनेछ।

(ख) वार्षिक स्वीकृत कार्यक्रम अनुसार शाखाले मासु पसल सुधार कार्यक्रम सञ्चालन गर्नका लागि अनुसूची १ बमोजिमको ढाँचामा ३० दिनको प्रस्ताव आव्हानको सुचना प्रकाशन गर्नेछ ।

(ग) प्रस्तावकले अनुसूची ३ अनुसारका कागजातहरु सहित अनुसूची २ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ ।

(घ) मासु पसल सुधार कार्यक्रम सञ्चालन गर्दा मासु पसल संचालन गरिरहेका युवा उद्यमी, ब्यवसायीलाई प्राथमिकता दिईने छ ।

(ङ) यस कार्यक्रममा भाग लिनका लागि देवचुली नगरपालिकामा उक्त व्यवसाय अनिवार्य दर्ता वा नविकरण भएको हुनुपर्नेछ ।

देवचुली नगरपालिका राजपत्र

(च) निर्धारित समयभित्र प्राप्त भएका आवेदनहरुको शाखाले प्रारम्भिक मुल्यांकन गरी समितिले प्रस्तावहरुको स्थलगत अनुगमन गरी अनुसूची ५ बमोजिम मुल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्था छनौट गर्न सिफारिस गर्नेछ ।

(छ) छनौट भएका संस्थासँग शाखाले अनुसूची ६ बमोजिम सम्झौता गर्नेछ ।

(ज) मासु पसल सुधार कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तिमा १५ किलो मासु बिक्रि वितरण गरिरहेको हुनुपर्नेछ ।

(२) मासु पसल सुधारका लागि मापदण्ड : ५० प्रतिशत सहकार्यमा मासु पसल सुधार कार्यक्रम अन्तर्गत मासु पसल सुधारका मापदण्ड देहाय बमोजिम हुनेछ :-

(क) मासु पसल कक्षको भित्तामा कम्तिमा ५ फिट सेतो टायल लगाउने र भुईमा मार्वल वा टायल बिछ्याउने,

(ख) पशु बध गर्दा निस्कने फोहर व्यवस्थापनको लागि आवश्यक व्यवस्थाका लागि नियमित खर्च गर्ने,

(ग) पशुपन्छीको प्रकार अनुसार मासु विक्रि गर्नका लागि पार्टेशन गर्ने,

(घ) बधस्थलमा काटने, भुत्लाउने तथा सफा गर्ने स्लाव निर्माण गर्नुपर्ने,

(ङ) मासु सुरक्षित राख्नको लागि डिप फ्रिज खरिद गर्ने,

(च) बधस्थल तथा पसलमा प्रयोग गर्ने उपकरण तथा औजारहरु स्टेलनेस स्टीलको खरिद गर्ने,

देवचुली नगरपालिका राजपत्र

## परिच्छेद ५

## ५० प्रतिशत सहकार्यमा डेरी पसल सुधार कार्यक्रम

९. **कार्यक्रम सञ्चालन प्रक्रिया** : (१) ५० प्रतिशत सहकार्यमा डेरी पसल सुधार कार्यक्रम देहाय बमोजिम संचालन गरिनेछ :-

(क) डेरी पसल सुधार कार्यक्रम ५० प्रतिशत लागत साझेदारीमा संचालन गरिनेछ ।

(ख) वार्षिक स्वीकृत कार्यक्रम अनुसार शाखाले डेरी पसल निर्माण र सुधार कार्यक्रम सञ्चालन गर्नका लागि अनुसूची १ बमोजिमको ढाँचामा ३० दिनको प्रस्ताव आव्हानको सुचना प्रकाशन गर्नेछ ।

(ग) प्रस्तावकले अनुसूची-३ अनुसारका कागजातहरु सहित अनुसूची २ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ ।

(घ) यस कार्यक्रममा सहभागीताका लागि नगरपालिकामा व्यवसाय अनिवार्य दर्ता वा नविकरण भएको हुनु पर्नेछ ।

(ङ) निर्धारित समयभित्र प्राप्त भएका आवेदनहरुको शाखाले प्रारम्भिक मुल्यांकन गरी समितिले प्रस्तावहरुको स्थलगत अनुगमन गरी अनुसूची ५ बमोजिम मुल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्था छनौट गर्न सिफारिस गर्नेछ ।

(च) छनौट भएका संस्थासँग शाखाले अनुसूची ६ बमोजिम सम्झौता गर्नेछ ।

(२) डेरी पसल सुधारका लागि मापदण्ड : डेरी पसल सुधार कार्यक्रम अन्तर्गत डेरी पसल सुधारको मापदण्ड देहाय बमोजिम हुनेछः-

देवचुली नगरपालिका राजपत्र

(क) बिक्रि कक्ष निर्माण,

(ख) मिल्क क्यान, चिलिङ भ्याट, मिल्क एनालाईजर, डिप फ्रिज लगायतका सामग्री खरिद गर्न,

(ग) दुध प्याकेजिङ्ग मेसिन खरिद गर्न,

(घ) डेरी पसलको फोहोर व्यवस्थापनका लागि,

(ङ) डेरी पसलमा प्रयोग हुने औजारहरु, फुड ग्रेड स्टेनलेस स्टीलका सामग्री खरिदमा लागि,

(च) डेरी पसलमा काम गर्ने व्यक्तिले असल व्यवस्थापन अभ्यासका सामग्रीहरु खरिद गर्न,

## परिच्छेद ६

## सेक्स्ड सिमेन (Sexed Semen) वितरण

१०. **कार्यक्रम सञ्चालन प्रक्रिया** : (१) सेक्स्ड सिमेन (Sexed Semen) वितरण कार्यक्रम देहाय बमोजिम संचालन गरिनेछ :-

(क) शाखाले पशुपालक कृषकहरुको आवश्यकता र मागका आधारमा नगरपालिकामा सुचिकृत कृत्रिम गर्भाधानकर्ताद्धारा कार्यक्रम सञ्चालन गर्नेछ ।

(ख) शाखाले आवश्यक पर्ने सेक्स्ड सिमेन (Sexed Semen) र अन्य आवश्यक सामाग्रीहरु सार्वजनिक खरिद ऐन र नियमावली अनुसारको प्रक्रियाद्धारा खरिद गर्नेछ ।

(ग) नगरपालिका भित्रका व्यवसायिक फर्मलाई प्राथमिकताको आधारमा सेक्स्ड सिमेन (Sexed Semen) नि: शुल्क उपलब्ध गराईनेछ ।



देवचुली नगरपालिका राजपत्र

(२) व्यवसायिक फर्म छनौटका आधारहरुः सेक्स्ड सिमेन (Sexed Semen) बितरणका लागि ब्यवसायिक फर्म छनौटका आधारहरु देहाय बमोजिम हुनेछ :-

(क) कम्तिमा १० वटा उन्नत माउ गाई पालन गरिरहेको ।

(ख) कम्तिमा १० कठ्ठामा घाँसखेती गरेको ।

(ग) निजको व्यवसाय देवचुली नगरपालिकामा अनिवार्य दर्ता वा नविकरण भएको ।

**परिच्छेद ७**

**पशुपन्छी )गाई ,भैसी, बंगुर ,बाख्रा र कुखुरा( को पकेट क्षेत्र सहयोग कार्यक्रम**

११. **कार्यक्रम सञ्चालन प्रक्रिया :** (१) पशुपन्छी )गाई ,भैसी, बंगुर ,बाख्रा र कुखुरा( को पकेट क्षेत्र सहयोग कार्यक्रम देहाय बमोजिम संचालन गरिनेछ :-

(क) पशुपन्छी पालक कृषक वा समुह वा समिति वा सहकारी वा निजी फर्महरुलाई लक्षित गरी ५० प्रतिशत लागत सहभागितामा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) शाखाले अनुसूची १को ढाँचामा ३० दिनको सुचना प्रकाशन गरी प्रस्ताव माग गर्नेछ ।

(ग) ईच्छुक प्रस्तावकले अनुसूची ३ अनुसारका कागजातहरु संलग्न गरी अनुसूची ४ बमोजिमको ढाँचामा कार्ययोजना बनाई अनुसूची २ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ ।

(घ) निर्धारित समयभित्र प्राप्त भएका आवेदनहरुको शाखाले प्रारम्भिक मुल्यांकन गरी समितिले प्रस्तावहरुको स्थलगत अनुगमन गरी अनुसूची ५ बमोजिम मुल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्था छनौट गर्न सिफारिस गर्नेछ ।

देवचुली नगरपालिका राजपत्र

(ङ) छनौट भएका संस्थासँग शाखाले अनुसूची ६ बमोजिम सम्झौता गर्नेछ ।

(च) साझेदार संस्थाले अनुदान बापतको रकम उचित प्रकारको गोठ व्यवस्थापन, मेसिनरी औजार, भौतिक संरचना, प्रजनन, पशु स्वास्थ्य, जैविक सुरक्षा, बजार व्यवस्थापन र उन्नत जातको पशु व्यवस्थापन जस्ता कार्यमा खर्च गर्न सक्नेछन् ।

(छ) शाखाले संचालनमा रहेका पशुपन्छीको पकेट क्षेत्रमा ३ बर्षसम्म फलोअप कार्यक्रम संचालन गर्न सक्नेछ।

(२) पकेट क्षेत्र सहयोग कार्यक्रममा मापदण्डहरु : पकेट क्षेत्र संचालनका लागि मापदण्डहरु देहाय बमोजिम हुनेछः -

| विवरण | छनौटका लागि हुनुपर्ने पशु संख्या | | | |
|---|---|---|---|---|
| | गाई | भैसी | बाखा | बंगुर |
| निजी फर्म कृषक | ५० | ५० | १०० | ५० |
| कृषक समुहवासमितिवासहकारी | १०० | १०० | २०० | १०० |

## परिच्छेद ८

## सहकार्यमा उन्नत नश्लका बोका बितरण

१२. **कार्यक्रम सञ्चालन प्रक्रिया** : सहकार्यमा उन्नत नश्लका बोका बितरण कार्यक्रम देहाय बमोजिम संचालन गरिनेछ :-

(क) बाखापालक फर्म वा कृषक समुह वा समिति वा सहकारी वा निजी फर्महरुलाई लक्षित गरी स्वीकृत बार्षिक बजेट र कार्यक्रम बमोजिम ५० देखि ७५ प्रतिशत लागत साझेदारीमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) शाखाले बाख्रापालक फर्म वा कृषक समुह वा समिति वा सहकारी वा निजी फर्महरुलाई लक्षित गरी अनुसूची १ को ढाँचामा ३० दिनको सुचना प्रकाशन गरी प्रस्ताव माग गर्नेछ।

(ग) ईच्छुक प्रस्तावकले अनुसूची ३ अनुसारका कागजातहरु संलग्न गरी अनुसूची ४ बमोजिमको ढाँचामा कार्ययोजना बनाई अनुसूची २ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ ।

(घ) निर्धारित समयभित्र प्राप्त भएका आवेदनहरुको शाखाले प्रारम्भिक मुल्यांकन गरी समितिले प्रस्तावहरुको स्थलगत अनुगमन गरी अनुसूची ५ बमोजिम मुल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्था छनौट गर्न सिफारिस गर्नेछ ।

(ङ) छनौट भएका संस्थासँग शाखाले अनुसूची ६ बमोजिम सम्झौता गर्नेछ।

(च) साझेदार संस्थाले सम्झौता बमोजिम नश्ल प्रमाणित भएको उन्नत नश्लको बोका खरिद गर्नुपर्दछ ।

(छ) कार्यक्रम प्राप्त गर्न सफल कृषक वा कृषक समुह वा समिति वा सहकारी वा निजी फर्मले खरिद गरेको बोका कम्तिमा २ वर्षसम्म राम्रो सँग हेरचाह गरी पाल्नुपर्नेछ। तत्पश्चात बिक्री गरी अर्को खरिद गर्नु परेमा पशु सेवा शाखाको पूर्व स्वीकृति अनिवार्य रुपमा लिनुपर्नेछ ।

**परिच्छेद ९**

**<u>पशुपन्छी सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम</u>**

१३. **कार्यक्रम सञ्चालन प्रक्रिया** : (१) पशुपन्छी सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम संचालक प्रक्रिया देहाय बमोजिम हुनेछ :-

देवचुली नगरपालिका राजपत्र

(क) शाखाले आफ्नो स्वीकृत पशुपन्छी सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम अनुसार विश्व रेविज दिवश, विश्व भेटेरिनरी दिवश, विश्व दुध दिवश, विश्व पशुपन्छी दिवश, विश्व अण्डा दिवश, विश्व मत्स्य दिवश वा महोत्सव मनाउन सक्नेछ ।

(ख) दिवश वा महोत्सवलाई प्रभावकारी बनाउन सरोकारवालाको बैठक बोलाई आवश्यक छलफल, पूर्व तयारी र जिम्मेवारी बाँडफाँड गर्न सकिनेछ ।

(२) कार्यक्रममा विनियोजित बजेटबाट निम्न कार्यमा खर्च गर्न सकिनेछ :-

(क) दिवशका लागि आवश्यकता अनुसार सवारी साधन र अन्य उपयुक्त साधन भाडामा लिन,

(ख) औषधी तथा खोपहरु खरिद गर्न,

(ग) ईन्धन खरिद र विद्युतिय सामाग्री खरिद वा भाडामा दिन,

(घ) सजावट सामाग्रीहरु तुल, व्यानर, पोष्टर छपाई, सान्दर्भिक डमी खरिद, निर्माण र ढुवानी,

(ङ) दिवश वा महोत्सवमा संलग्न हुनेहरुको खाजा, पानी, स्टेशनरी खर्च,

## परिच्छेद १०

## माछापालनमा सहयोग कार्यक्रम

१४. **कार्यक्रम सञ्चालन प्रक्रिया** : (१) माछापालनमा सहयोग कार्यक्रम संचालक प्रक्रिया देहाय बमोजिम हुनेछ :-

देवचुली नगरपालिका राजपत्र

(क) माछापालक कृषक वा कृषक समुह वा समिति वा सहकारी वा निजी फर्महरुलाई लक्षित गरी ५० प्रतिशत लागत सहभागितामा यो कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) शाखाले कृषक वा कृषक समुह वा समिति वा सहकारी वा निजी फर्महरुलाई लक्षित गरी अनुसूची १ को ढाँचामा ३० दिनको सुचना प्रकाशन गरि प्रस्ताव माग गर्नेछ ।

(ग) ईच्छुक प्रस्तावकले अनुसूची ३ अनुसारका कागजातहरु संलग्न गरी अनुसूची ४ बमोजिमको ढाँचामा कार्ययोजना बनाई अनुसूची २ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ ।

(घ) निर्धारित समयभित्र प्राप्त भएका आवेदनहरुको शाखाले प्रारम्भिक मुल्यांकन गरी समितिले प्रस्तावहरुको स्थलगत अनुगमन गरी अनुसूची ५ बमोजिम मुल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्था छनौट गर्न सिफारिस गर्नेछ ।

(ङ) छनौट भएका संस्थासँग शाखाले अनुसूची ६ बमोजिम सम्झौता गर्नेछ ।

(च) यसरी स्थापना भएका श्रोत केन्द्रहरुले फार्ममा भएका माछा तथा भुराहरुको अभिलेख राख्नुपर्नेछ ।यस्ता फार्महरुलाई भविष्यमा प्रर्दशन, तालिम तथा उपयुक्त जातको विस्तार तथा प्रसारको लागि प्रयोग गरिनेछ ।

(छ) साझेदार संस्थाले अनुदान बापतको रकम उचित प्रकारको पोखरीको व्यवस्थापन, मेसिनरी औजार, भौतिक संरचना, मत्स्य स्वास्थ्य, जैविक सुरक्षा, बजार व्यवस्थापन र उन्नत जातको माछा व्यवस्थापन जस्ता कार्यमा खर्च गर्न सक्नेछन् ।

देवचुली नगरपालिका राजपत्र

(घ) छनौट भएका प्रस्तावकले कम्तीमा ५ बर्षसम्म माछापोखरी सञ्चालन गर्नुपर्नेछ । सो कार्य नगरेमा प्रचलित कानुन अनुसार कारबाही हुनेछ ।

(२) छनौटको मापदण्ड : माछापालन गर्ने पोखरीहरुले देहाय बमोजिमको मापदण्ड पूरा गर्नु पर्नेछः -

(क) फर्म नियमानुसार दर्ता भएको हुनुपर्नेछ ।

(ख) विगत २ आर्थिक वर्षभित्र सरकारी निकायबाट अनुदान नलिएको हुनुपर्नेछ ।

(ग) माछा उत्पादन, विविधिकरण र बजारिकरणमा सङ्कलन भएको कृषक उद्यमीलाई प्राथमिकता दिईनेछ ।

(घ) आफ्नै स्वामित्वमा रहेको जग्गामा भएको र स्कुल वा क्याम्पस जस्ता सरकारी जग्गामा रहेको पोखरीमा माछापालन गर्ने कृषक वा संस्थालाई प्राथमिकता दिईनेछ ।

(ङ) भाडामा भए कम्तिमा ५ वर्षको लागि भाडामा लिएको सम्झौता हुनुपर्नेछ ।

(च) कम्तीमा १० कठ्ठा भन्दा कम क्षेत्रफल भएको पोखरीमा माछा पालन गर्नेलाई यस प्रक्रियामा सहभागी गराईने छैन ।

**परिच्छेद ११**

**नमुना पशु फर्म स्थापना सहयोग कार्यक्रम**

१५. **कार्यक्रम संचालन प्रक्रिया :** (१) नमुना पशु फर्म स्थापना सहयोग कार्यक्रम संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

देवचुली नगरपालिका राजपत्र

(क) कृषक वा कृषक समुह वा समिति वा सहकारी वा निजी फर्महरुलाई लक्षित गरी ५० प्रतिशत लागत सहभागितामा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) शाखाले कृषक वा कृषक समुह वा समिति वा सहकारी वा निजी फर्महरुलाई लक्षित गरी अनुसूची १ को ढाँचामा ३० दिनको सुचना प्रकाशन गरि प्रस्ताव माग गर्नेछ ।

(ग) ईच्छुक प्रस्तावकले अनुसूची ३ अनुसारका कागजातहरु संलग्न गरी अनुसूची ४ बमोजिमको ढाँचामा कार्ययोजना बनाई अनुसूची २ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ ।

(घ) निर्धारित समयभित्र प्राप्त भएका आवेदनहरुको शाखाले प्रारम्भिक मुल्यांकन गरी समितिले प्रस्तावहरुको स्थलगत अनुगमन गरी अनुसूची ५ बमोजिम मुल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्था छनौट गर्न सिफारिस गर्नेछ ।

(ङ) छनौट भएका संस्थासँग शाखाले अनुसूची ६ बमोजिम सम्झौता गर्नेछ ।

(च) साझेदार संस्थाले अनुदान बापतको रकम उचित प्रकारको गोठ व्यवस्थापन, मेसिनरी औजार, भौतिक संरचना, प्रजनन, पशु स्वास्थ्य, जैविक सुरक्षा, बजार व्यवस्थापन र उन्नत जातको पशु व्यवस्थापन जस्ता कार्यमा खर्च गर्न सक्नेछन।

(२) नमुना पशु फर्म सहयोग कार्यक्रममा मापदण्डहरु : नमुना पशु फर्म स्थापनाका लागि मापदण्डहरु देहाय बमोजिम हुनेछः -

| नमुना पशु फर्म छनौटका लागि हुनुपर्ने न्युनतम पशु संख्या | | | |
|---|---|---|---|
| गाई | भैसी | बाखा | बंगुर |
| ५० | २५ | ५० | माउ २० वा पाठापाठी ५० |

देवचुली नगरपालिका राजपत्र

## परिच्छेद १२

## उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम

१६. **कार्यक्रम सञ्चालन प्रक्रिया** : उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) नगरपालिकाका उत्कृष्ट गाईभैसी, बाख्रा र बंगुर पालक कृषक वा कृषक समुह वा समिति वा सहकारी वा निजी फर्महरुलाई प्रोत्साहन गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) शाखाले अनुसूची १ को ढाँचामा ३० दिनको सुचना प्रकाशन गरि प्रस्ताव माग गर्नेछ।

(ग) कृषक वा कृषक समुह वा समिति वा सहकारी वा निजी फर्महरुले अनुसूची ३ अनुसारका कागजातहरु संलग्न गरी अनुसूची ४ बमोजिमको ढाँचामा बिवरण तयार गरी अनुसूची २ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ ।

(घ) निर्धारित समयभित्र प्राप्त भएका आवेदनहरुको शाखाले प्रारम्भिक मुल्यांकन गरी समितिले प्रस्तावहरुको स्थलगत अनुगमन गरी अनुसूची ५ बमोजिम मुल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्था छनौट गर्न सिफारिस गर्नेछ ।

(ङ) छनौट भएका उत्कृष्ट कृषकहरुलाई निम्न बमोजिम पुरस्कार रकम उपलब्ध गराईनेछ ।

| उत्कृष्ट कृषकको योग्यताक्रम | पुरस्कार राशी रु. |
|---|---|
| प्रथम | ५०००० |
| द्धितीय | ३०००० |
| तृतीय | २०००० |

देवचुली नगरपालिका राजपत्र

## परिच्छेद १३

## साईलेज खरिदमा अनुदान कार्यक्रम

१७. **कार्यक्रम सञ्चालन प्रक्रिया** : (१) साईलेज खरिदमा अनुदान कार्यक्रम देहाय बमोजिम संचालन गरिनेछ :-

(क) देवचुली नगरपालिकाको साईलेज उद्योगबाट साईलेज खरिद गर्ने देवचुली नगरक्षेत्र भित्रका कृषक वा कृषक समुह वा समिति वा सहकारी वा निजी फर्महरुहरुलाई लक्षित गरी यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) साईलेज खरिदमा अनुदान प्राप्त गर्न कृषक वा कृषक समुह वा समिति वा सहकारी वा निजी फर्महरुहरुले देवचुली नगरपालिकाको साईलेज उद्योगबाट साईलेज खरिद गरेको बिलको सक्कल प्रति शाखामा पेश गर्नुपर्नेछ । शाखाको बार्षिक स्वीकृत कार्यक्रममा ब्यवस्था भए बमोजिम साईलेज खरिदमा रु. १ देखि रु. ५ प्रति के.जी. अनुदान दिईनेछ।

(ग) नगरपालिकाको साईलेज उद्योगमा मकै लगायतका घाँसहरु ल्याई साईलेज बनाइ लैजाने कृषकहरुले समेत यो अनुदान प्राप्त गर्न सक्नेछन ।

(घ) अनुदान प्राप्त गर्ने कृषक वा कृषक समुह वा समिति वा सहकारी वा निजी फर्मसँग शाखाले अनुसूची १२ बमोजिम सम्झौता गर्नेछ ।

(ङ) देवचुली नगरपालिकाका कृषकहरुले आफ्नै पशुहरुलाई खुवाउन पुग्ने परिमाणको साईलेजमा मात्र उक्त अनुदान पाउनेछन । ब्यवसायिक प्रयोजनमा लागि खरिद गरिने साईलेजमा अनुदान दिइने छैन ।

(च) ईच्छुक कृषकहरुले साईलेज खरिद गरको बिल सँगै अनुदान रकम भुक्तानी पाउने निवेदन शाखामा पेश गर्नुपर्नेछ ।

देवचुली नगरपालिका राजपत्र

## परिच्छेद १४

## कृत्रिम गर्भाधानबाट जन्मेका पाडीबाच्छी हुर्काउने कार्यक्रम

१८. **कार्यक्रम सञ्चालन प्रक्रिया** : कृत्रिम गर्भाधानबाट जन्मेका पाडीबाच्छी हुर्काउने कार्यक्रम संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) स्वदेशमा नै उत्पादन भएका पाडीबाच्छी हुर्काउन प्रोत्साहन गर्ने उद्धेश्यले यो कार्यक्रम संचालन गरिनेछ ।

(ख) शाखाले कृषक वा कृषक समुह वा समिति वा सहकारी वा निजी फर्महरुलाई लक्षित गरी अनुसूची १ को ढाँचामा ३० दिनको सुचना प्रकाशन गरी प्रस्ताव माग गर्नेछ ।

(ग) ईच्छुक प्रस्तावकले अनुसूची २ बमोजिमको निवेदन शाखामा पेश गर्नु पर्नेछ।

(घ) निवेदन सँगै पाडीबाच्छीको माउको कृत्रिम गर्भाधान कार्ड वा सो को प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।कृत्रिम गर्भाधान कार्डमा माउको संकेत नं., उमेर कृत्रिम गर्भाधान मिति स्पष्ट उल्लेख हुनुको साथै कृत्रिम गर्भाधान कर्ताकोनाम र हस्ताक्षर भएको हुनुपर्नेछ ।

(ङ) पाडीबाच्छीको उमेर ६ महिना देखि २ बर्षसम्मको हुनुपर्दछ ।

(च) निर्धारित समयभित्र प्राप्त भएका आवेदनहरुको शाखाले प्रारम्भिक मुल्यांकन गरी समितिले प्रस्तावहरुको स्थलगत अनुगमन गरी अनुसूची ५ बमोजिम मुल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्था छनौट गर्न सिफारिस गर्नेछ ।

(छ) छनौट भएका संस्थासँग शाखाले अनुसूची ६ बमोजिम सम्झौता गर्नेछ।

(ज) शाखाको बार्षिक कार्यक्रम र बजेटमा ब्यवस्था भए बमोजिम कृत्रिम गर्भाधानबाट जन्मेका पाडीबाच्छी हुर्काउने कार्यक्रम प्राप्त गर्ने

देवचुली नगरपालिका राजपत्र

कृषकहरुलाई प्रति पाडीबाच्छी रु. १०००० का दरले अनुदान सहयोग उपलब्ध गराईनेछ ।

(झ) कृत्रिम गर्भाधानबाट जन्मेका पाडीबाच्छी हुर्काउने कार्यक्रम प्राप्त गर्ने कृषकहरुले उक्त पाडीबाच्छीलाई पालेर माउ बनाउनुपर्ने छ ।

(ञ) अन्य सरकारी निकायबाट कुनै कृषकले सोही कार्यक्रम प्राप्त गरको खण्डमा  कार्यक्रममा दोहोरोपना हुन दिइने छैन ।

## परिच्छेद १५

## साईलेज उत्पादनको लागि मकै, टियोसेन्टी लगायतका घाँस लगाउने कृषकहरुलाई बीउ र जैविक वा गोवर मलमा अनुदान कार्यक्रम

१९. **कार्यक्रम सञ्चालन प्रक्रिया :** साईलेज उत्पादनको लागि मकै, टियोसेन्टी लगायतका घाँस लगाउने कृषकहरुलाई बीउ र जैविक वा गोवर मलमा अनुदान कार्यक्रम संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) देवचुली नगरपालिकाको साईलेज उद्योगको लागि मकै, टियोसेन्टी लगायतका घाँस लगाउने देवचुली नगरक्षेत्र भित्रका कृषकहरुलाई लक्षित गरी यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) स्वीकृत कार्यक्रम, बजेट र आख्तियारी बमोजिम अनुसूची १ अनुसार व्यवसायिक कृषक वा कृषक समुह वा सहकारी वा निजी फर्महरुलाई लक्षित  गरी शाखाले ३० दिनको सुचना मार्फत घाँसको बीउ तथा जैविक वा गोवर मलको माग संकलन गर्नेछ ।

(ग) प्रस्तावकले अनुसूची ३ अनुसारका कागजातहरु सहित अनुसूची २ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ ।



देवचुली नगरपालिका राजपत्र

(घ) सूचना मार्फत संकलन गरिएको मागको आधारमा व्यवसायिक कृषक वा कृषक समुह वा सहकारी वा निजी फर्महरुलाई मकै, टियोसेन्टी लगायतका घाँसको बीउ तथा जैविक वा गोवर मल उपलब्ध गराईनेछ।यसरी उपलब्ध गराईने बीउ तथा जैविक वा गोवरमल स्विकृत कार्यक्रम र बजेट बमोजिम निःशुल्क वा तोकिएको निश्चित प्रतिशत लागत साझेदारीमा हुनेछ ।

(ङ) व्यवसायिक कृषकवाकृषक समुहवासहकारीहरु अनुसूची १३ बमोजिम सम्झौता गरिनेछ ।

(च) निश्चित प्रतिशत लागत साझेदारीमा घाँसको बीउ तथा जैविक वागोवर मल बितरण गर्दा प्रस्तावकले आफूलाई आवश्यक परिमाणको बीउ तथा जैविकवागोवर मलको तोकिएको लागत साझेदारी प्रतिशत रकम जम्मा गरेपछि मात्र बीउ तथा जैविकवागोवर मल उपलब्ध गराईनेछ।

## परिच्छेद १६

## कृषकसँगको लागत साझेदारीमा उन्नत बाख्रा खोर निर्माण कार्यक्रम

२०. **कार्यक्रम सञ्चालन प्रक्रिया** : कृषकसँगको लागत साझेदारीमा उन्नत बाख्रा खोर निर्माण कार्यक्रम संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) बाख्रापालक कृषक वा कृषक समुह वा सहकारी वा निजी फर्महरुलाई लक्षित गरी ५० प्रतिशत लागत सहभागितामा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) शाखाले अनुसूची १ को ढाँचामा ३० दिनको सुचना प्रकाशन गरी प्रस्ताव माग गर्नेछ ।

देवचुली नगरपालिका राजपत्र

(ग) ईच्छुक प्रस्तावकले अनुसूची ३ अनुसारका कागजातहरु संलग्न गरी अनुसूची ४ बमोजिमको ढाँचामा कार्ययोजना बनाई अनुसूची २ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ ।

(घ) निर्धारित समयभित्र प्राप्त भएका आवेदनहरुको शाखाले प्रारम्भिक मुल्यांकन गरी समितिले प्रस्तावहरुको स्थलगत अनुगमन गरी अनुसूची ५ बमोजिम मुल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्था छनौट गर्न सिफारिस गर्नेछ ।

(ङ) छनौट भएका संस्थासँग अनुसूची ६ बमोजिम सम्झौता गरिनेछ ।

(च) छनौट भएका संस्थाले शाखाले उपलब्ध गराएको खोरको डिजाइन बमोजिम खोर निर्माण वा सुधार गर्नुपर्नेछ ।

(छ) छनौट भएका संस्थालाई कार्य सम्पन्न भए पश्चात खोर निर्माण वा सुधारको लागि प्रति कृषक रु. १०००० का दरले अनुदान रकम उपलब्ध गराईनेछ।

## परिच्छेद १७

## कृषक वा कृषक समुह वा समिति वा सहकारी वा निजी फर्मसँगको लागत साझेदारीमा छाडा पशुबस्तु ब्यवस्थापन तथा मल उत्पादन कारखाना स्थापना कार्यक्रम

२१. **कार्यक्रम सञ्चालन प्रक्रिया** : कृषक समुह वा समिति वा सहकारी वा निजी फर्मसँगको लागत साझेदारीमा छाडा पशुबस्तु ब्यवस्थापन तथा मल उत्पादन कारखाना स्थापना कार्यक्रम संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) कृषक वा कृषक समुह वा समिति वा सहकारी वा निजी फर्महरुलाई लक्षित गरी ५० प्रतिशत लागत सहभागितामा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) शाखाले अनुसूची १ को ढाँचामा ३० दिनको सुचना प्रकाशन गरि प्रस्ताव माग गर्नेछ ।

देवचुली नगरपालिका राजपत्र

(ग) ईच्छुक प्रस्तावकले अनुसूची ३ अनुसारका कागजातहरु संलग्न ग अनुसूची ४ बमोजिमको ढाँचामा कार्ययोजना बनाई अनुसूची २ बमोजिमको निवेदन शाखामा पेश गर्नु पर्नेछ ।

(घ) निर्धारित समयभित्र प्राप्त भएका आवेदनहरुको शाखाले प्रारम्भिक मुल्यांकन गरी समितिले प्रस्तावहरुको स्थलगत अनुगमन गरी अनुसूची ५ बमोजिम मुल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्था छनौट गर्न सिफारिस गर्नेछ ।

(ङ) छनौट भएका संस्थासँग शाखाले अनुसूची ६ बमोजिम सम्झौता गर्नेछ।

(च) संस्थाले अनुदान बापतको रकम छाडा पशुबस्तु ब्यवस्थापनको लागि उचित प्रकारको गोठ व्यवस्थापन, भौतिक संरचना निर्माण, आहारा ब्यवस्थापन र मल उत्पादन कार्यमा लगानी गर्नुपर्नेछ ।

(छ) साझेदार संस्थाले गोवर मललाई सुख्खा बनाई मल उत्पादन गर्ने तथा प्याकिङ गर्ने यन्त्र, उपकरण खरिद गरी मल उत्पादन कारखाना स्थापना गर्नुपर्नेछ ।

**परिच्छेद १८**

**<u>दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम</u>**

२२. **<u>कार्यक्रम सञ्चालन प्रक्रिया</u> :** दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) दुग्ध उत्पादक सहकारी संस्थाहरुमा आवद्ध कृषकहरुलाई लक्षित गरी यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) शाखाले दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई लक्षित गरी अनुसूची ७ को ढाँचामा ३० दिनको सुचना प्रकाशन गरी प्रस्ताव माग गर्नेछ ।

देवचुली नगरपालिका राजपत्र

(घ) ईच्छुक सहकारी संस्थाहरुले अनुसूची ९ अनुसारका कागजातहरु संलग्न गरी अनुसूची १० बमोजिमको ढाँचामा कार्ययोजना बनाई अनुसूची ८ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ ।

(ङ) प्रस्तावक सहकारी संस्थाले आफुले बार्षिक रुपमा प्रत्येक कृषक सदस्यहरुबाट संकलन गर्ने दुधको परिमाण कृषकको नामावली सहित प्रस्तावमा समावेश गर्नुपर्नेछ ।

(च) छनौट भएका प्रस्तावको कार्ययोजना स्वीकृत गरी अनुसूची ११ बमोजिम सम्झौता गरिनेछ ।

(छ) प्राप्त बिवरणको आधारमा पशु सेवा शाखाले स्विकृत बजेट र कार्यक्रममा उल्लेख भए बमोजिम रु. ५० पैसा देखि रु ५ प्रति लिटरका दरले छनौट भएका सहकारी संस्थाहरुको बैक खातामा अनुदान रकम भुक्तानी दिनेछ ।

(ज) प्राप्त अनुदान रकम सहकारी संस्थाहरुले आफ्ना सदस्यहरुलाई उनीहरुले बिक्री गरेको दुधको परिमाणको आधारमा भुक्तानी दिनु पर्नेछ ।

(झ) छनौट भएका सहकारी संस्थाले आफ्ना कृषक सदस्यहरुलाई भुक्तानी गरेको अनुदान रकमको बिवरणको सक्कल प्रति अनिवार्य रुपमा पशु सेवा शाखामा बुझाउनु पर्नेछ ।

## परिच्छेद १९

## विविध

२३. **कार्यक्रमको आर्थिक पक्ष** : कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६, आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०७७ बमोजिम हुनेछ ।

देवचुली नगरपालिका राजपत्र

२४. **अनुगमन, मुल्यांकन सम्वन्धि ब्यवस्था** : कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन समितिले गर्नेछ ।

२५. यस कार्यविधिमा उल्लेख भएका व्यहोराहरू यसै बमोजिम र नभएका शर्त वा व्यहोराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

२६. यस कार्यविधि अनुसार उपलब्ध गराईएको सहयोग शर्त तथा योजना अनुसार खर्च गरेको वा सम्झौता अनुसार लगानी गरेको वा कार्य गरेको नपाईएमा समितिले उक्त सहयोग रोक्का गर्ने, भविष्यमा निजलाई यस कार्यविधि अनुसार सहयोग नगर्ने, कार्यविधि अनुसार सहयोग गरेको रकम सरकारी बाकी सरह असुल गर्ने जस्ता कारवाही गर्न सक्नेछ ।

२७. यस कार्यविधिको व्याख्यामा कुनै द्विविधा भएमा नगरपालिकाको व्याख्या अन्तिम हुनेछ। यो कार्यविधि नगरपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

देवचुली नगरपालिका राजपत्र

## अनुसूची १

**प्रस्ताव आव्हानको सुचनाको ढाँचा**

देवचुली नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

पशु सेवा शाखा

रजहर ,नवलपरासी )बर्दघाट सुस्ता पूर्व(

प्रस्ताव आव्हानको सुचना

प्रथम पटक सुचना प्रकाशित मितिः................

यस कार्यालयको आ.व .२०..../..../....को वार्षिक स्वीकृत कार्यक्रम .................................. अनुसार निम्न लिखित कार्यक्रमहरु लागत सहभागितामा कार्य गर्न ईच्छुक कृषक वा कृषक समूह वा समिति वा कृषि सहकारी वा निजी फर्महरुले यो सुचना प्रकाशन भएको ३० दिन भित्र कार्यालय समयमा प्रस्ताव पेश गर्नुहुन आव्हान गरिन्छ।

| क्र.स. | कार्यक्रम | संख्या | कुल अनुदान रकम रु. |
|---|---|---|---|
| | | | |
| | | | |

प्रस्ताव पेश गर्दा संलग्न हुनुपर्ने कागजातहरु

१. नेपाली नागरिकताको प्रतिलिपि
२. अनुसूची २ अनुसारको ढाँचामा निवेदन
३. अनुसूची ४ अनुसारको व्यवसायिक कार्ययोजना
४. जग्गाको स्वामित्व देखिने कागजात
५. प्रचलित कानुन अनुसार दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
६. स्थायी लेखा नम्बर वा भ्याट दर्ताको प्रमाणपत्रको प्रतिलिपी
७. निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान
८. शैक्षिक योग्यता, अनुभव, तालिमको प्रमाणपत्रहरु
९. औजार उपकरण खरिदको हकमा कोटेशन

देवचुली नगरपालिका राजपत्र

## अनुसूची २

**निवेदनको ढाँचा**

श्रीमान् शाखा प्रमुख ज्यू,

पशु सेवा शाखा

देवचुली नगरपालिका

विषयः कार्ययोजना पेश गरिएको बारे ।

महोदय,

उपरोक्त विषयमा तँहा कार्यालयको मिति................. गते प्रकाशित सुचना अनुसार मवाहामी निवेदकले ..........................................कार्यक्रम सहकार्यमा सञ्चालन गर्न ईच्छुक भई अनुसूची - ३ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखि यो निवेदन पेश गरेको छु/छौं।

निवेदकः

दस्तखत :

कृषक वा समुह वा सहकारी वा निजी फर्मको नामः

ठेगानाः

मितिः

सम्पर्क नं. :

देवचुली नगरपालिका राजपत्र

## अनुसूची ३

**<u>प्रस्ताव पेश गर्दा संलग्न हुनुपर्ने कागजातहरु</u>**

१. नेपाली नागरिकताको प्रतिलिपि
२. अनुसूची २ अनुसारको ढाँचामा निवेदन
३. अनुसूची ४ अनुसारको व्यवसायिक कार्ययोजना
४. जग्गाको स्वामित्व देखिने कागजात
५. प्रचलित कानुन अनुसार दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
६. स्थायी लेखा नम्बरवाभ्याट दर्ताको प्रमाणपत्रको प्रतिलिपी
७. निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान
८. शैक्षिक योग्यता, अनुभव, तालिमको प्रमाणपत्रहरु
९. औजार उपकरण खरिदको हकमा कोटेशन ।

देवचुली नगरपालिका राजपत्र

## अनुसूची ४

## कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजना

कार्यक्रमको नामः

कृषक वा समुह वा सहकारी वा फर्मको नामः सम्पर्क नम्बर ........................

ठेगाना ...........................गाँउ वा टोल ........................... वडा नं .................. .

व्यवसायको परिचयः

उद्देश्यहरुः

व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुः

तालिम सम्बन्धी विवरणः

सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क्र.स. | सन्चालन गरिने क्रियाकलाप | माग गरिएको अनुदान सहयोग रु. | निजी लगानी रु. | जम्मा लगानी रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

व्यवसायबाट उत्पादन हुने बस्तु....................

उत्पादित वस्तुको परिमाण....................

बजारयोग्य परिमाण...............................

थप आधारहरु :

उपलब्ध जग्गाको क्षेत्रफल :

सहि गर्नेकोः

नामः

संस्थाको छापः

पदः

दस्तखतः

मिति



देवचुली नगरपालिका राजपत्र

# अनुसूची ५

## प्रस्ताव मुल्याङ्कनका आधारहरु

कृषक वा समुह वा सहकारी वा फर्मको नामः

कार्यक्रम संचालन स्थलको ठेगानाः

प्रस्तावित कार्यक्रमको नामः

मुल्याङ्कनको आधारहरु

| क्र.स. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | १० | | |
| | सडक, विजुली,पानीको सुविधा भएको | ५ | | |
| | जग्गाको स्वामित्व भएको | ५ | | |
| २ | व्यवसाय सम्बन्धी अनुभव | 10 | | |
| | ३ वर्ष भन्दा कम | 5 | | |
| | ३ देखि ५ वर्ष | 8 | | |
| | ५ वर्ष भन्दा माथी | 10 | | |
| ३ | पालन गरिरहेको पशुपन्छी संख्या | ३० | | |
| ४ | उतपादित बस्तुको परिमाण | 20 | | |
| ५ | सम्बन्धित व्यवसाय सम्बन्धी तालिम | १० | | |
| | ३ दिन सम्मको | १० | | |
| | ३ देखि ७ दिन सम्मको | ५ | | |
| | ७ दिन भन्दा माथी | १० | | |
| ६ | रोजगारीको अवस्था | १० | | |
| | कम्तिमा ३ जना सम्म | ७ | | |
| | ३ भन्दा वढि | १० | | |
| ७ | शैक्षिक योग्यता | १० | | |
| | **SEE** सम्म | ५ | | |
| | **SEE** भन्दा माथी | १० | | |

स्थलगत अनुगमनमा भेटिएका अन्य विवरणहरुः

स्थलगत अनुगमन टोलिको रायः

| नाम | दस्तखत | राय |
|---|---|---|
| | | |

देवचुली नगरपालिका राजपत्र

## अनुसूची ६

## सम्झौता पत्रको ढाँचा

देवचुली नगरपालिका) यसपछि प्रथम पक्ष भनिने (र छनौट भएका कृषक वा समुह वा समिति वा सहकारी वा निजी फर्म) यसपछि दोश्रो पक्ष भनिने) विच तपशिलको शर्तहरु पालना गर्ने गराउने गरी यो द्धिपक्षिय सम्झौता गरिएको छ ।

तपसिल

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय सन्चालनका लागि कार्ययोजना अनुसार कुल रकम रु ……………..अक्षरेपी ……………………….. बढिमा मध्ये ………… प्रतिशतले हुन आउने रु ……………………………… अक्षरेपी …………………..रकम अनुदान स्वरुप उपलब्ध गराउने छ र बाँकी रकम दोस्रो पक्षले बेहोर्नु पर्नेछ ।

३. कार्यप्रगति तथा प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा कार्य सम्पन्न पश्चात अनुदान रकम एकमुष्ठ उपलब्ध गराईने छ ।

४. दोस्रो पक्षले प्रस्तावमा पेश गरेको बाहेक अन्य सामाग्री खरिद गर्न पाउने छैन ।

५. दोस्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङबोर्ड राख्नुपर्नेछ र खरिद गरेको सामाग्री प्रत्येकमा अनुदान रकम झल्कने गरि स्टीकर टाँस गर्नु पर्नेछ ।

६. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सन्चालन गरे नगरेको अनुगमन गर्नेछ ।

७. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउने सक्ने कुनै पनि प्राकृतिक प्रकोप र भवितब्यको पुर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

८. दोश्रो पक्षले यहि मिति ………………… भित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरि सक्नु पर्नेछ ।

९. दोस्रो पक्षले पहिलो पक्षबाट अनुदान रकम लिईसकेपछि कम्तिमा पनि ५ बर्ष व्यवसाय गर्नुपर्नेछ।

देवचुली नगरपालिका राजपत्र

१०. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

११. उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गरिदियौं/लियौं ।

| दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम,थरः |
| ठेगानाः | पदः |
| संस्थाको नाम र छापः | कार्यालयः |
| | छापः |

इति सम्बत्....................... साल .................... महिना .....................गते रोज ......

शुभम् ।

देवचुली नगरपालिका राजपत्र

## अनुसूची ७

## दुध उत्पादनमा आधारित अनुदान कार्यक्रममा प्रस्ताव आव्हानको सुचनाको ढाँचा

देवचुली नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

पशु सेवा शाखा

रजहर ,नवलपरासी) बर्दघाट सुस्ता पूर्व(

प्रस्ताव आव्हानको सुचना

प्रथम पटक सुचना प्रकाशित मितिः.................

यस कार्यालयको आ.व .२०....वा....वा....को वार्षिक स्वीकृत कार्यक्रम दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम देवचुली नगरपालिकाको पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०८० बमोजिम संचालन गर्न ईच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुले यो सुचना प्रकाशन भएको ३० दिन भित्र कार्यालय समयमा प्रस्ताव पेश गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क.स. | कार्यक्रम | संख्या | कुल अनुदान रकम रु. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

प्रस्ताव पेश गर्दा संलग्न हुनुपर्ने कागजातहरु

- अनुसूची ८ अनुसारको ढाँचामा निवेदन
- अनुसूची १० को ढाँचामा  कार्यक्रमको संक्षिप्त कार्ययोजना
- प्रचलित कानुन अनुसार दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
- स्थायी लेखा नम्बरवाभ्याट दर्ताको प्रमाणपत्रको प्रतिलिपी
- बार्षिक दुध संकलन परिमाण
- दुध बिक्री बितरण गर्ने कृषकहरुको दुधको बिक्री परिमाण सहितको पूर्ण बिवरण

देवचुली नगरपालिका राजपत्र

## अनुसूची ८

**निवेदनको ढाँचा**

श्रीमान् शाखा प्रमुख ज्यू,

पशु सेवा शाखा

देवचुली नगरपालिका

विषयः प्रस्ताव पेश गरको बारे ।

महोदय,

उपरोक्त विषयमा तँहा कार्यालयको मिति..................गते प्रकाशित सुचना अनुसार मवाहामी निवेदकले दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम देवचुली नगरपालिकाको पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०८० बमोजिम संचालन गर्न ईच्छुक भई अनुसूची-९ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखि यो निवेदन पेश गरेको छुवाछौ।

निवेदक संस्थाको

नामः

ठेगानाः

संस्थाको छाप :

अध्यक्षको दस्तखत :

मितिः

सम्पर्क नं. :

देवचुली नगरपालिका राजपत्र

## अनुसूची ९

**प्रस्ताव पेश गर्दा संलग्न हुनुपर्ने कागजातहरु**

१. अनुसूची ८ अनुसारको ढाँचामा निवेदन

२. अनुसूची १० को ढाँचामा कार्यक्रमको संक्षिप्त कार्ययोजना

३. प्रचलित कानुन अनुसार दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि

४. स्थायी लेखा नम्बरवाभ्याट दर्ताको प्रमाणपत्रको प्रतिलिपी

५. बार्षिक दुध संकलन परिमाण

६. दुध बिक्री बितरण गर्ने कृषकहरुको दुधको बिक्री परिमाण सहितको पूर्ण बिवरण

# अनुसूची १०

## कार्यक्रमको संक्षिप्त कार्ययोजना

कार्यक्रमको नामः

सहकारी संस्थाको नामः सम्पर्क नम्बर ........................

ठेगाना ...........................गाँउवाटोल ........................... वडा नं .................. .न.पा . .....................

सहकारी संस्थाको उद्देश्यहरुः

सहकारी संस्थाको बर्तमान अवस्था :

सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क्र.स. | दुध उत्पादक कृषकहरुको नाम | दुध उत्पादक कृषकहरुको ठेगाना | उत्पादित दुधको जम्मा बार्षिक परिमाण | बितरण गरिने अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

सहि गर्नेकोः
नामः
संस्थाको छापः
पदः
दस्तखतः
मितिः



देवचुली नगरपालिका राजपत्र

# अनुसूची ११

## सम्झौता पत्रको ढाँचा

देवचुली नगरपालिका) यसपछि प्रथम पक्ष भनिने (र ............................ दुग्ध उत्पादक सहकारी संस्था) यसपछि दोश्रो पक्ष (भनिने विच दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न तपशिलको शर्तहरु पालना गर्ने गराउने गरी यो द्धिपक्षिय सम्झौता गरिएको छ ।

तपसिल

(क) यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

(ख) पहिलो पक्षले दोश्रो पक्षलाई रु. ......... प्रति लिटरका दरले जम्मा उत्पादित दुधको परिमाण ............. हुन आउने रु ................ अक्षेरेपी .......................रकम अनुदान स्वरुप उपलब्ध गराउने छ ।

(ग) दोस्रो पक्षले सम्झौता बमोजिम प्राप्त रकम उत्पादित दुधको परिमाणको आधारमा रु. ............. प्रति लिटरका दरले प्रत्येक सदस्य कृषकहरुलाई बुझाई सो को सक्कल भरपाई पशु सेवा शाखामा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(घ) यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

(ङ) उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गरि दियौं।

| दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| --- | --- |
| दस्तखतः | दस्तखतः |
| नाम,थरः | नाम,थरः |
| ठेगानाः | पदः |
| संस्थाको नाम र छापः | कार्यालयः |
| कार्यालयः | छापः |

इति सम्बत्...................... साल .................... महिना .....................गते रोज ......... शुभम् ।

देवचुली नगरपालिका राजपत्र

## अनुसूची १२

**सम्झौता पत्रको ढाँचा**

देवचुली नगरपालिका) यसपछि प्रथम पक्ष भनिने (र .............................. साईलेज खरिद गर्ने वा साईलेज उद्योगमा साईलेज बनाउने कृषक वा फर्म समुह वा सहकारी )यसपछि दोश्रो पक्ष (भनिने बीच साईलेज खरिदमा अनुदान कार्यक्रम संचालन गर्न तपशिलको शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षिय सम्झौता गरिएको छ ।

तपसिल

यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

- प्रथम पक्षले दोश्रो पक्षलाई रु. ......... प्रति के.जी. का दरले जम्मा खरिद गरिएको वा तयार गरिएको साईलेजको परिमाण ............. के.जी. वापत हुन आउने रु . ..................... अक्षरुपी ....................... रकम अनुदान स्वरुप उपलब्ध गराउने छ ।
- दोश्रो पक्षले साईलेज खरिद गरेको वा तयार गरेको सक्कल बील पेश गर्नु पर्नेछ ।
- यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।
- उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गरिदियौं ।

| दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम,थरः | नाम,थरः |
| ठेगानाः | पदः |
| संस्थाको नाम र छापः | कार्यालयः |
| | छापः |

इति सम्बत्........................ साल ...................... महिना .......................गते रोज ......... शुभम् ।

## अनुसूची १३
## सम्झौता पत्रको ढाँचा

देवचुली नगरपालिका) यसपछि प्रथम पक्ष भनिने (र मकै, टियोसेन्टी लगायतका घाँस खेति गर्ने कृषक, समुह वा सहकारी) यसपछि दोश्रो पक्ष (भनिने विच तपशिलको शर्तहरु पालना गर्ने गराउने गरी यो द्धिपक्षिय सम्झौता गरिएको छ ।

तपसिल

- यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।
- पहिलो पक्षले दोश्रो पक्षलाई मकै, टियोसेन्टी लगायतका घाँस खेतिको लागि प्रति कठ्ठा ………… किलोका दरले जम्मा …………. कठ्ठाको लागि जम्मा ……………… किलो बीउ र प्रति कठ्ठा ……. किलोका दरले जम्मा ………… कठ्ठाको लागि जम्मा ……………… किलो जैविक वा गोवर मल निःशुल्क वा ………… प्रतिशत अनुदानमा उपलब्ध गराउने छ । मकै, टियोसेन्टी लगायतका घाँस खेतिको लागि अन्य सबै खर्च दोस्रो पक्षले ब्यहोर्नुपर्नेछ ।
- दोस्रो पक्षले प्राप्त मल र बीउ प्रयोग गरी उचित तरिकाले घाँसको खेति गर्नुपर्नेछ ।
- दोस्रो पक्षले उत्पादन गरेको मकै, टियोसेन्टी लगायतका घाँस साईलेज उत्पादन गर्न उपयुक्त अवस्थामा प्रथम पक्षले दोस्रो पक्षसंग तोकिएको मुल्यमा खरिद गर्नेछ ।
- प्रथम पक्षले नियमित रुपमा दोस्रो पक्षले मकै, टियोसेन्टी लगायतका घाँस खेति गरे नगरेको अनुगमन गर्नेछ ।
- दोस्रो पक्षले उत्पादन गरेको मकै, टियोसेन्टी लगायतका घाँस अनिवार्य रुपमा प्रथम पक्षलाई उपलब्ध गराउनुपर्नेछ ।ब्यक्तिगत प्रयोजनमा प्रयोग गर्न पाईने छैन ।
- यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउने सक्ने कुनै पनि प्राकृतिक प्रकोप र भवितब्यको पुर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।
- यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

देवचुली नगरपालिका राजपत्र

उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गरिलियौवा दियौं ।

| | |
|---|---|
| दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः |
| ठेगानाः | पदः |
| संस्थाको नाम र छापः | कार्यालय र छाप |
| सम्पर्क नं. | |

इति सम्बत्.....................साल ..................... महिना .......................गते रोज ......... शुभम् ।

आज्ञाले
मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका राजपत्र